PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ,

मिति: २०८०/०२/०१ गते।

०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१०

## Press Release-**10**

**"भारतको आसाम पुऱ्याई नाबालिका बेचविखन गर्ने अभियुक्त पक्राउ।"**

जाहेरवाली परिवर्तित नाम २६ बबरमहल (१५२) मिति २०७९ साल कार्तिक २४ गते काठमाण्डौमा बस्ने आफन्तकोमा जान्छु भनि आफ्नो घर नुवाकोटबाट बसमा चढी काठमाडौतर्फ जाने क्रममा संगैको अर्को सिटमा बसेका पुरुष ब्यक्तिले खानेकुरा तथा पानीमा बेहोश हुने औषधी मिसावट गरि खुवाई बेहोस पारी भारतको आसाम राज्यको कछर जिल्लाको सिल्चर भन्ने स्थानको रेड लाइट एरीयाको कोठीमा पुऱ्याई बेचबिखन गरी जबरजस्ती वेस्यावृत्तीमा लगाई राखेको अवस्थामा नेपाल प्रहरी, भारतीय प्रहरी र माईती नेपालको सहयोगमा उद्दार भई नेपाल आई यस ब्यूरोमा जाहेरी दिएको मानव बेचबिखन तथा ओसार पसार मुद्दामा अनुसन्धानको क्रममा संलग्न प्रतिबादीहरु मध्ये अप्सरा भन्ने एलिना खत्रीलाई जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा मिति २०८०/०१/३१ गते झापाबाट पक्राउ गरी आजै काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ को म्यादथप अनुमति लिई अनुसन्धान कार्य भईरहेको।

### पक्राउ परेका अभियुक्त:-

क) जिल्ला म्याग्दी साबिक भगवती गा.बि.स.वडा नं. ३ परिवर्तित रघुगंगा गाउँपालिका वडा नं. ३ बस्ने बर्ष ३० की अप्सरा भन्ने एलिना खत्री।

### अनुसन्धानको क्रममा खुल्न आएका कुराहरु

क. यस कसुरमा पक्राउ प्रतिबादी लगायत नेपाली र भारतीय गरी हालसम्म जम्मा ६ जनाको संलग्नता रहेको देखिएको।

ख. प्रतिबादीहरु यस भन्दा अगाडि समेत मानब बेचबिखन तथा ओसारपसार अपराधमा संलग्न रहेको पाईएको

ग. प्रतिबादीहरुले भारतको आसाम राज्यको कछर जिल्लाको सिल्चर भन्ने स्थानमा नेपालबाट युवतीहरुलाई झुक्याई लगी वेश्यालय संचालन गर्ने गरेको पाईएको।

घ. ई.प्र.का अनारमनी झापाले २०७९।०८।१४ गते परिबर्तित नाम **SET-ANARMANI-079-080** समेतको जाहेरीले यिनै प्रतिबादी अप्सरा भन्ने एलिना खत्री समेत भएको मानब बेचबिखन तथा ओसारपसार मुद्दा

दर्ता गरेकोमा निज अप्सरा भन्ने ऐलिना खत्री उक्त मुद्दामा झापा जिल्ला अदालतको मिति २०७९/०९/१४ गतेको आदेशले रु. १,५०,०००।– (एक लाख पचास हजार) धरौटीमा छुटि तारेखमा रहेको देखिएको।

ङ. यस मुद्दाका समेत प्रतिबादी रहेका अप्सरा भन्ने एलिना खत्रीका श्रीमान भारतीय नागरिक अजित साह समेत माथी उल्लेखित अनारमनी झापाले दर्ता गरेको मुद्दामा पुर्पक्षका लागी कारागार कार्यालय भद्रपुर झापामा थुनामा रहेको।

च. थप अनुसन्धान एवम् घटनामा संलग्न अन्य फरार प्रतिबादीहरुको खोजतलास भईरहेको।

**प्रबिक्ता**

(कृष्ण प्रसाद पगेनी)

प्रहरी उपरीक्षक

सम्पर्क नम्बर:-९८५१२८१३३०